मिति : २०७८।०४।२९

# अन्तरपार्टी निर्देशन–११

**कमरेडहरू**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको दसौं बैठक २०७८ साउन ४-७ मा तथा एघारौं बैठक साउन २५ गते सम्पन्न भएका छन् । त्यसैगरी यस अवधिमा पार्टी स्थायी कमिटीका १०६ औं, १०७ औं तथा १०८ औं बैठक पनि आयोजना भएका छन् । उक्त बैठकहरूमा २०७८ असार २८ गते सर्वोच्च अदालतको परमादेश तथा त्यसले सिर्जना गरेको परिस्थिति, पार्टी अध्यक्षको नेतृत्वको निवर्तमान सरकारले हासिल गरेका ऐतिहासिक उपलब्धि, यस बीचमा हाम्रो पार्टी भित्र र समग्र राष्ट्रिय राजनीतिमा देखा परेका विद्रुप घटनाक्रम सर्वोच्च अदालतको २०७८ असार २८ गतेको फैसला तथा प्रतिपक्षको रुपमा पार्टीको परिवर्तित भूमिका, पार्टीमा उत्पन्न आन्तरिक समस्या एवं तिनलाई समाधान गर्न भएका प्रयासहरू, साउन ३ गते प्रधानमन्त्री शेरबहादुर देउवाले मागेको विश्वासको मतको पक्षमा नेकपा (एमाले)कै केही सांसदहरूले ह्वीप उल्लंघन गर्दै फ्लोर क्रस गरेर मतदान गरेको गम्भीर घटना, पार्टीको आसन्न विधान महाधिवेशन तथा स्थानीय तहका महाधिवेशनहरू लगायत विषयहरूमा गहन छलफल पश्चात् महत्वपूर्ण निर्णयहरू गरिएका छन्, निष्कर्षहरू निकालिएका छन् । ती निर्णय तथा निष्कर्षहरूको सम्बन्धमा पार्टी पङ्क्तिलाई विधिवत् जानकारी तथा कार्यान्वयनका लागि यो अन्तरपार्टी निर्देशन जारी गरिएको छ ।

## १. केन्द्रीय कमिटीका बैठकहरूको क्रम निर्धारण तथा दसौं बैठकका सम्बन्धमा

२०७५ जेठ २ गते बसेको पार्टी स्थायी कमिटी १०५औं बैठकले दिएको अधिकार र २०७५ जेठ ३ गते बसेको पार्टी केन्द्रीय कमिटीको नवौं बैठकले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच पार्टी एकीकरण गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुरुप २०७५ जेठ ३ गते दुई पार्टीबीच एकीकरण सम्पन्न भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन गरिएको थियो । त्यसयता २०७७ फागुन २३ गतेसम्म हामी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का रुपमा क्रियाशील रह्यौं ।

२०७७ फागुन २३ गते आफूले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टीसँग नाम जुध्ने गरी दर्ता गरिएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को दर्ता खारेज गरी पाऊँ भनी ऋषि कट्टेलले दायर गरेको मुद्दामा अन्तिम सुनुवाई गर्दै सर्वोच्च अदालतले 'नेपाल कम्युनिष्ट पार्टी संक्षिप्तमा नेकपा नाम गरेको पार्टी निर्वाचन आयोगमा पहिला दर्ता भइसकेको अवस्थामा सोही दर्ता भइसकेको पार्टीसँग नाम मिल्ने गरी

नयाँ पार्टी दर्ता गरेको विपक्षी मध्येको निर्वाचन आयोगको मिति २०७५/०२/२३ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएको मिति २०७५/०७/०९ को निर्णय फैसला राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ६ (१) (ङ) र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियमावली ९ मा भएको कानुनी व्यवस्था विपरीत देखिएको' भनी उत्प्रेषणको आदेशद्वारा बदर गऱ्यो। निर्वाचन आयोगका ती दुवै निर्णय बदर भएपश्चात् साविकमा निर्वाचन आयोगमा राजनीतिक दलका रुपमा दर्ता रहेका नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अलग अलग राजनीतिक दलका रुपमा साविककै अवस्थामा कायम रहने हुँदा, 'अब यी दुई राजनीतिक दलले एकीकरण गर्ने भएमा राजनीतिक दलसम्बन्धी ऐन तथा नियम विपरीत नहुने गरी निर्णय गरी अविलम्ब निर्वाचन आयोगमा उपस्थित हुन जानकारी दिई शीघ्र कानुन बमोजिम आवश्यक निणर्य गर्नु गराउनू' भनी उत्प्रेषण परमादेश जारी गऱ्यो। सर्वोच्च अदालतको सो फैसला बमोजिम दर्ता पूर्वको अवस्थामा पार्टी फर्किएपछि र पुनः पार्टी एकीकरण गर्ने हाम्रो प्रयास असफल भएपश्चात् हाम्रो पार्टी नेकपा ( एमाले) २०७५ जेठ २ गतेकै अवस्थामा पुनर्स्थापित भएको छ।

पार्टी अध्यक्षलगायत पार्टीका अन्य नेताहरूलाई अनधिकृत ढंगले सडकबाटै हटाएको घोषणा गर्ने, संसदीय दलको नेता प्रधानमन्त्रीलाई पार्टीको साधारण सदस्यबाट समेत बर्खास्त गरेको घोषणा गर्नेजस्ता बहुलट्ठीपूर्ण कार्यहरु प्रचण्ड-माधव गुटहरुले त्यस अगावै गरिसकेका थिए। त्यसयता माधव गुटले खुलेआम गुटगत भेला, बैठकहरु गर्ने, पार्टी फुटाउने उद्देश्यले माथिदेखि तलैसम्म पार्टी र जनवर्गीय संगठनका कमिटीहरु समानान्तर रुपमा गठन गर्ने, विपक्षीहरुसँग मिलेर देशैभरी सम्माननीय राष्ट्रपति, प्रधानमन्त्री एवं पार्टी अध्यक्षका पुत्ला दहन गर्ने, पार्टी र पार्टी नेतृत्वका विरुद्ध झुठा, अभद्र र अमर्यादित प्रचार अभियान चलाउनेजस्ता आपराधिक कार्यहरु गर्दैरहे। त्यस्ता गतिविधिहरुलाई रोक्न पार्टीका तर्फबाट अनकौं प्रयासहरु लगातार गरिए। फोनमा कुराकानी, भेटघाट र छलफलका सिलसिला चलाइए। यसै प्रसङ्गमा कार्यदल बनाइयो र त्यसले समस्या समाधानको लागि सर्वसम्मत सिफारिस पनि गऱ्यो। पार्टीले त्यसलाई ग्रहण पनि गऱ्यो। तर माधव नेपाल र उनको गिरोहले देश, जनता र पार्टीको भलाईको असल मनसायका साथ गरिएका सम्पूर्ण प्रयासहरुलाई तिरस्कार र अपमान गर्दै अश्वीकार गऱ्यो। यसरी समस्या समाधानका हाम्रा प्रयासहरु असफल भए। तर हाम्रो पार्टी यस्ता दुष्प्रयासहरुबाट हरेश खाने छैन र पार्टी र आन्दोलन बिरुद्धका जस्तासुकै षडयन्त्र, आक्रमण र दुष्प्रयासहरुलाई पराजित गर्दै विजय यात्रामा दृढता र तीब्र गतिका साथ अघि बढ्ने छ।

२. **नेकपा (एमाले) मा विद्यमान समस्या समाधान सम्बन्धी कार्यदलको प्रस्ताव सम्बन्धमा**

(क) पार्टीमा विद्यमान समस्या समाधान सम्बन्धमा सुझाव दिन गठित कार्यदलले तयार गरी प्रस्तुत गरेको प्रस्तावलाई बैठकले ग्रहण गरेको छ। प्रस्तावलाई अनुमोदन गरी सिर्जनात्मक एवं रचनात्मक ढङ्गले कार्यान्वयन गर्ने निर्णय पनि बैठकले गरेको छ।

(ख) कार्यदलको प्रस्ताव नं. ४ मा उल्लेख भए वमोजिम २०७७ साल फागुन २३ गतेको सर्वोच्च अदालतको फैसलापछि नेकपा (एमाले)मा रहने कमरेडहरूको निर्णयलाई स्वागत गर्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा रहँदा स्थायी कमिटी र केन्द्रीय कमिटीमा रहनु भएका कमरेडहरू तत्तत् कमिटीमा रहने निर्णय गरिएको छ।

(ग) त्यसैगरी उक्त कार्यदलको सिफारिस कार्यान्वयनकै सन्दर्भमा केन्द्रीय कमिटीमा कायम रहनु भएका तत्कालीन नेकपा (माओवादी) केन्द्रबाट राष्ट्रियसभा तथा प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएका तर यस पार्टीमा निष्ठापूर्वक क्रियाशील कमरेडहरू धर्मराज रेग्मी, गौरीशंकर थारु, झपट बोहोरा, चन्द्रबहादुर खड्का र रामचन्द्र मण्डललाई विधानको धारा-१४ ख (३) बमोजिम केन्द्रीय कमिटी सदस्यमा मनोनित गरिएको छ।

(घ) कार्यदलले आफ्नो जिम्मेवारी पूरा गरेकोमा कार्यदलमा रहनुभएका कमरेडहरूलाई धन्यवाद दिँदै कार्यदल विघटन गरिएको छ।

### ३. सर्वोच्च अदालतको फैसला र त्यसले सिर्जना गरेको परिस्थिति सम्बन्धमा

बैठकले सर्वोच्च अदालतको फैसला र त्यसले सिर्जना गरेको राजनीतिक स्थितिलाई संविधानको अपव्याख्या एवं विभिन्न स्वार्थ-समूहहरूको गठबन्धनको बलमा मुलुकमा अगाडि बढेको सामाजिक-आर्थिक रुपान्तरणको अभियानलाई अवरुद्ध गर्ने र राष्ट्रिय राजनीतिलाई पछाडि फर्काउने असंवैधानिक र अलोकतान्त्रिक कदमका रुपमा विश्लेषण गरेको छ। यस घटनाले मुलुकको कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक प्रणाली, संवैधानिक सुव्यवस्था र जनताको सर्वोच्चतामाथि चुनौती खडा गरेको निष्कर्षका साथ बैठकले यस परिस्थितिको संवैधानिक, लोकतान्त्रिक र जनपरिचालनका विधिबाट सामना गर्ने अठोट गरेको छ। स्वार्थहरूको गठजोड एवं ईर्ष्या, कुण्ठा र प्रतिशोधको भावनामा उभिएको वर्तमान गठबन्धन सारतः अवसरवादी एवं दक्षिणपन्थी चरित्रको रहेको निक्र्योलका साथ यसले मुलुकको समस्या समाधान गर्न नसक्ने, बरु मुलुकलाई पश्चगामी दिशातिर फर्काउन सक्ने विश्लेषणका साथ बैठकले नेकपा (एमाले) लाई जनमतको बलमा राष्ट्रिय राजनीतिको नेतृत्वदायी स्थानमा स्थापित गर्ने सङ्कल्प पनि गरेको छ। बैठकले उक्त फैसलाका सम्बन्धमा निम्न प्रस्ताव पारित गरेको छ-

२०७८ असार २८ गते सर्वोच्च अदालतको संवैधानिक इजलासबाट प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दामा गरिएको फैसलाले नेपालको संविधानको अक्षर र भावना, हामीले अवलम्बन गरेको बहुलवादमा आधारित बहुदलीय प्रतिष्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली, शक्ति पृथकीकरण एवं नियन्त्रण र सन्तुलनको सिद्धान्त तथा सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको संविधानको आधारभूत प्रस्थापनालाई आँच पुऱ्याउँदै तिनलाई कमजोर तुल्याएको छ ।

मुलुकको सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहनु लोकतन्त्रको मुख्य विशेषता हो । जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ता अभिव्यक्त हुने महत्वपूर्ण माध्यम भनेकै आवधिक निर्वाचन मार्फत् जनताका प्रतिनिधिहरू चयन हुनु र उनीहरूमार्फत् मुलुकको शासन व्यवस्था सञ्चालित हुनु हो । तर ताजा जनादेशका लागि जनतामा जाने निर्णयलाई "निरङ्कुश" भनेर आरोपित गर्ने र कानुनको अपव्याख्या एवं दलीय प्रणालीको आधारभूत संरचना नै भत्काएर सरकार बनाउने कुरा चाहिँ लोकतान्त्रिक भनेर गरिएको गलत परिभाषाले लोकतान्त्रिक प्रणालीलाई गलत दिशातिर धकेलेको छ ।

नियन्त्रण र सन्तुलनको सिद्धान्त बमोजिम राज्यका सबै अङ्गबीच समन्वय हुन सकेमा मात्रै र सबै आ- आफ्नो सीमाभित्र मर्यादित र संयमित रहन सकेमात्रै लोकतान्त्रिक प्रणाली सुरक्षित र गतिशील हुन सक्छ । लोकतन्त्रका आधारस्तम्भका रुपमा रहेका राज्यका तीनवटा अङ्गबीचको सन्तुलन सर्वोच्च अदालतको यो फैसलासँगै नराम्रोसँग खलबलिन पुगेको छ ।

आठ दशकभन्दा लामो समयदेखि सञ्चालित नेपालको लोकतान्त्रिक आन्दोलनको एउटा प्रमुख माग पार्टी स्वतन्त्रता र बहुदलीय पद्धतिको स्थापना थियो । विचारधारा, दर्शन र कार्यक्रम मिल्ने व्यक्तिहरू मिलेर दल खोल्न पाउने, त्यस्ता दलहरू आफ्ना कार्यक्रम लिएर जनताबीच जाने र जन्मजात श्रेष्ठताको सामन्ती परम्पराका आधारमा होइन, जनताबाट अनुमोदित दल या दलहरूले मुलुकको शासन सञ्चालन गर्ने प्रणाली स्थापना गर्न अनगिन्ती शहीदहरूले जीवन आहुति दिनुभएको छ । निर्वाचनमा दलले व्यक्तिलाई उम्मेदवारको रुपमा मनोनयन गर्छ । जनताले दलका उद्देश्य, घोषणापत्र र काम हेरेर आफ्नो अभिमत प्रकट गर्छन् । तर यसरी पार्टीबाट उम्मेदवार बनेका र दलको चुनावचिह्न एवं घोषणापत्रका आधारमा जनताले निर्वाचित गरेका प्रतिनिधिहरूले सरकार बनाउने बेलामा चाहिँ जो कसैलाई समर्थन गर्न सक्छन्, जो कसैलाई भोट हाल्न सक्छन्, फ्लोर क्रस पनि गर्न सक्छन्, त्यसो गर्दा दलको कुनै ह्वीप लाग्दैन र उनीहरूमाथि कुनै कार्बाही गर्न पाइँदैन भन्ने व्याख्या हाम्रो दशकौं लामो सङ्घर्ष, दलीय आस्थाका लागि चुकाएको मूल्य र दलीय प्रणालीको आधारभूत

प्रस्थापनामाथिकै प्रहार हो। एउटै दलका सदस्यहरू सत्ता र प्रतिपक्ष बन्ने परिकल्पना कुनै पनि लोकतान्त्रिक प्रणालीले गर्दैन।

राजनीतिक प्रश्नहरूको फैसला गर्ने मुख्य जिम्मेवारी दलहरूको हो। सार्वभौमसत्ता सम्पन्न जनताको हो। त्यसैले राजनीतिक प्रश्न जोडिएका मुद्दाहरूमा अदालतको अधिकतम संयमको अपेक्षा गरिन्छ। अत्यधिक न्यायिक सक्रियता अनपेक्षित विषय हो। राजनीतिक प्रश्नमा प्रवेश नगर्ने भनेर विगतमा अदालत स्वयंले स्थापित गरेका नजिर पनि कायमै छन्। तर सन्दर्भ नै नउठेका, मागदाबी नै नभएका र संविधानले परिकल्पना नगरेका विषयमा समेत राजनीतिक फैसला भएका छन्। यस्ता फैसलामा निश्चित व्यक्तिप्रतिको आग्रह मात्रै प्रतिविम्बित भएको छ। यस्ता क्रियाकलापले राज्यका सम्बन्धित अङ्गको निष्पक्षता, पवित्रता र स्वच्छतामा ह्रास ल्याएको छ। दोहोरो मापदण्डले संस्थाको विश्वसनीयतामाथि प्रश्न उठाएको छ।

निश्चित व्यक्तिका निश्चित आकाङ्क्षा परिपूर्तिका लागि गरिएको संविधानको यस्तो अपव्याख्याले वस्तुतः संविधान अप्रत्यक्ष रुपमा संशोधन भएको देखिएको छ।

यस फैसलाबाट सिर्जित राजनीतिक विकृतिहरूको मूल्य नेपालको लोकतान्त्रिक प्रणालीले भविष्यमा लामो समयसम्म चुकाउनु पर्ने आशङ्काका कारण नेकपा (एमाले) गंभीर र चिन्तित छ।

नेकपा (एमाले) संविधानको सर्वोच्चता, विधिको शासन र स्वतन्त्र न्यायपालिकामाथि विश्वास गर्ने पार्टी हो। तसर्थ फैसलाका कतिपय प्रश्नहरूप्रति हाम्रो आलोचना, विमति र गहिरो आशङ्का भए पनि फैसलालाई कार्यान्वयन गर्ने कुरामा भने पार्टी स्पष्ट छ। त्यसै अनुसार नै फैसला कार्यान्वयन भइसकेको तथ्य पनि सबैका सामु छ।

फैसलाका विभिन्न पक्षमा आफ्ना दृष्टिकोण, मान्यता र अवधारणाहरू स्पष्ट पार्न पार्टीले जनता माझ व्यापक बहस सञ्चालन गर्ने छ। संवैधानिक माध्यमबाट यसले सिर्जना गरेका नकारात्मक असर अन्त्य गर्न र दलीय प्र णालीको संरचना अक्षुण्ण राख्न हाम्रा प्रयाशहरू जारी रहने छन्।

**४. नेकपा (एमाले) नेतृत्वको सरकारका सम्बन्धमा**

पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको नेतृत्वमा २०७४ साल फागुन ३ गते गठित सरकारले करिब ४१ महिना पूरा गरेर सर्वोच्च अदालतको परमादेशबाट २०७८ असार २९ गतेबाट बहिर्गमन भएको छ। यस अवधिमा सरकारको नेतृत्वमा संविधान पूर्ण कार्यान्वयनमा आएको छ। सङ्घीय संरचना संस्थागत र गतिशील भएको छ। पृथकतावाद र हिंसामा सङ्लग्न विभिन्न समूहहरूलाई राष्ट्रिय अखण्डता, संवैधानिक दायरा र शान्तिपूर्ण राजनीतिको मूलप्रवाहमा

समाहित गर्दै राजनीतिक द्वन्द्वको अन्त्य एवं दिगो शान्ति स्थापना गर्ने काममा ऐतिहासिक सफलता प्राप्त भएको छ। संविधानसँग असहमत पक्षहरूलाई संविधानको पक्षमा उभ्याउने र संविधानलाई सर्वस्वीकार्य बनाउने काम भएको छ। श्रमजीवी, भूमिहीन तथा सुकुम्बासी, हिंसा र एसिड आक्रमणबाट पीडित महिला, विद्यालयबाहिर रहेका बालबालिका, सडक मानव, ज्येष्ठ नागरिक लगायतलाई संवोधन गर्दै सामाजिक न्याय र सामाजिक सुरक्षाका क्षेत्रमा उल्लेखनीय काम भएका छन्। स्वास्थ्य क्षेत्रमा दूरगामी महत्वका काम भएका छन्। राष्ट्रियताको सम्बर्द्धन गर्ने र नेपालको गुमेको भूभाग समेटेर नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा प्रकाशन गरिएको छ। यस विषयलाई संविधानमा प्रतिविम्बित गर्न अभूतपूर्व राष्ट्रिय सहमतिका साथ संविधान संशोधन गरिएको छ। नेपालको वाह्य सम्बन्धलाई सशक्त र प्रभावकारी बनाइएको छ। भूकम्पपछिको पुनर्निर्माणका काम मूलतः सम्पन्न भएका छन्। कोभिड महामारीको प्रभावकारी सामना गर्दै नागरिकहरूलाई कोभिड विरुद्धको खोप सुनिश्चित गरिएको छ। रुपान्तरणकारी तथा रणनीतिक महत्वका विकास निर्माणका काम सम्पन्न गरिएका छन्/सुरु गरिएका छन्। मुलुक अल्पविकसित अवस्थाबाट विकासोन्मुख मुलुकका रुपमा स्तरोन्नतिका लागि सिफारिस भएको छ। सारमा, समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने दिशामा उल्लेखनीय कामहरू भएका छन्। प्रारम्भदेखि नै पार्टीभित्र तथा बाहिरबाट सिर्जित असहयोग, घेराबन्दी तथा षडयन्त्रहरूका बाबजुद हासिल गरिएका यी उपलब्धिहरू ऐतिहासिक महत्वका छन्। यी उपलब्धि र सफलताका लागि पार्टी अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र उहाँ नेतृत्वको सरकारलाई बैठकले धन्यवाद ज्ञापन गरेको छ। पार्टी नेतृत्वको सरकारले गरेका कामहरूलाई बुँदागत रुपमा समेटी पुस्तिका प्रकाशन गरिने छ। सबै कमरेडहरूलाई माथिका मुख्य निष्कर्ष र छिटै सार्वजनिक हुने पुस्तिकाका आधारमा सरकारले गरेका कामहरूलाई जनताका बीचमा स्थापित गर्न, तिनलाई निरन्तरता दिनका लागि चनाखो रहँदै खबरदारी गरिरहन र हाम्रो नेतृत्वमा रहेका प्रदेश सरकार एवं स्थानीय तहका मुख्य काम एवं उपलब्धिका बारेमा अलग-अलग पुस्तिका तयार गरी जनताका बीचमा सशक्त रुपमा प्रस्तुत हुन निर्देशन गरिन्छ।

**५. परिवर्तित सन्दर्भमा पार्टीको भूमिका सम्बन्धमा**

सर्वोच्च अदालतको परमादेशसँगै हाम्रो पार्टी राष्ट्रिय राजनीतिको प्रमुख प्रतिपक्षी शक्तिको नयाँ भूमिकामा पुगेको छ। यस भूमिकालाई प्रभावकारी रुपमा सञ्चालन गर्न हामी देहायका विषयमा केन्द्रित हुने छौं-

**क) राजनीतिक क्षेत्रमा**

देशप्रति जिम्मेवार र राष्ट्रियताको पहरेदारका रुपमा, लोकतन्त्र र संविधानको रक्षकका रुपमा एवं जनताका सच्चा प्रतिनिधिका रुपमा संसदभित्र र बाहिर सशक्त भूमिका खेल्ने । मुलुकलाई अस्थिरतातिर लैजाने, उपलव्धिहरू लाई उल्ट्याउने, वाह्य चलखेललाई बढावा दिने, संवैधानिक सन्तुलन खल्बल्याउने, मुलुकलाई तनाव राजनीतिक द्वन्द्वतिर धकेल्ने तथा जनताका हितमाथि आघात पुऱ्याउने जस्ता कुनै पनि गतिविधि हुन नदिन हरबखत चनाखो र संवेदनशील रहने । नेकपा (एमाले) नेतृत्वको सरकारले आरम्भ गरेका रुपान्तरणकारी परियोजना, सामाजिक न्यायका अभियान र वाह्य सम्बन्ध सुदृढीकरणका कामलाई निरन्तरता दिन दबाब दिइरहने । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा परिपूर्तिका लागि सिर्जनात्मक रुपमा अविचलित रुपमा क्रियाशील रहने ।

पार्टी नेतृत्वको सरकारले गरेका महत्वपूर्ण कामहरूलाई जनताका बीचमा स्थापित गर्दै पार्टीको पक्षमा जनमत अभिवृद्धि गर्ने ।

जनताको हित र सरोकारसँग जोडिएका सामाजिक, आर्थिक र सांस्कृतिक मुद्दाहरूमा पार्टीको तर्फबाट अगुवाइ गर्ने, पार्टीलाई सामाजिक रुपान्तरणको नेतृत्वदायी शक्तिका रुपमा स्थापित गर्ने ।

पार्टी नेतृत्वमा सरकार सञ्चालन भइरहेका प्रदेशमा सरकारलाई निरन्तरता दिने र तिनको नेतृत्वमा सुरु भएको सामाजिक-आर्थिक रुपान्तरणका कामलाई निष्कर्षमा पुऱ्याउने । पार्टी प्रतिपक्षमा रहेका प्रदेशहरूमा प्रभावकारी, सशक्त र रचनात्मक प्रतिपक्षका रुपमा काम गर्ने ।

पार्टीले नेतृत्व गरिरहेका स्थानीय तहहरूबाट विकास निर्माण र जनहितका पक्षमा अझ प्रभावकारी काम गर्ने । आगामी निर्वाचनमा पार्टीलाई मुलुकको नेतृत्वदायी शक्तिका रुपमा स्थापित गर्ने योजनावद्ध रुपमा तयारी गर्ने ।

**ख) पार्टी निर्माणका क्षेत्रमा**

पार्टीलाई वैचारिक रुपमा सचेत, लक्ष्यमा स्पष्ट र जनताको भरोसायोग्य पार्टीका रुपमा स्थापित गर्ने । यसका लागि मार्क्सवाद- लेनिनवाद र जनताको बहुदलीय जनवादका सैद्धान्तिक- वैचारिक मार्गदर्शनका अलावा नेपाली समाजको वर्तमान वर्ग चरित्र, यसका अन्तरविरोधहरू, विभिन्न पार्टीहरूका वर्गीय र राजनीतिक चरित्र, बदलिँदा सामाजिक र आर्थिक सम्बन्ध तथा सामाजिक-आर्थिक रुपान्तरणको बाटोमा उपस्थित अवरोध लगायत विषयमा बारेमा पार्टी पङ्क्तिलाई स्पष्ट पार्ने ।

नेपाली कम्युनिष्ट आन्दोलनको विकास, यसका अन्तरसङ्घर्षहरू र पछिल्लो समय आन्दोलनमा हुर्किँदै गएका विभिन्न स्वरुपका अवसरवादको आलोचना, खण्डन र भण्डाफोर गर्ने ।

पार्टी सदस्यता नवीकरण सम्पन्न गर्ने। योग्यता पुगेकाहरूलाई नयाँ सदस्यता वितरणमा तीव्रता दिने। आधुनिक प्रविधिको प्रयोग मार्फत् सदस्यता आवेदन, अद्यावधिक र नवीकरणमा सहजता, पारदर्शिता र तीव्रता दिने।

मुलुकमा नयाँ संविधान, नयाँ राजनीतिक व्यवस्था र सङ्घीय प्रणाली लागू भइसकेको परिप्रेक्ष्यमा पार्टी निर्माणका यावत् प्रश्नहरूका बारेमा बहस गर्न र नयाँ अवधारणा विकास गर्न विधान अधिवेशन आयोजना गर्ने। अबको पार्टीको सङ्गठनात्मक संरचना बारे गंभीर रुपमा छलफल गर्ने र निष्कर्ष संश्लेषण गर्ने।

आगामी असोज महिनाभित्र देशका सबै वडा तथा पालिका तहमा पार्टी अधिवेशन सम्पन्न गर्ने र स्थानीय तहको निर्वाचनको तयारी गर्ने।

'दश बुँदे' प्रस्तावको कार्यान्वयनसँगै पार्टीको सङ्गठनात्मक व्यवस्थापन गर्ने।

पार्टीको सरकारलाई विस्थापन गर्न, पार्टीलाई विभाजन गर्न र विरोधीहरूलाई सघाउ पुऱ्याउन मुख्य भूमिका खेल्ने तत्व र प्रवृत्तिको दृढतापूर्वक मुकाबिला गर्दै पार्टीलाई शुद्धीकरण गर्ने।

पार्टी सदस्यता र कमिटीगत संरचनाका महिलाहरूको न्यूनतम एक तिहाइ सहभागिता र श्रमजीवी, दलित, अल्पसङ्ख्यक समुदाय र युवाको सहभागिता अभिवृद्धिको काम योजनावद्ध ढङ्गले अगाडि बढाउने।

भ्रष्टाचार, आर्थिक अनियमितता, यौन हिंसा, जातीय छुवाछुत र विभेद लगायत विकृतिका विरुद्ध पार्टी पङ्क्तिमा प्रभावकारी सांस्कृतिक रुपान्तरणको अभियान सञ्चालन गर्ने।

जनवर्गीय सङ्गठनहरूलाई पार्टीको वर्गीय मोर्चा र सम्बद्ध वर्ग/समुदायको भरोसायोग्य नेताका रुपमा स्थापित गर्न वैचारिक, सङ्गठनात्मक र शैलीगत रुपमा प्रभावकारी बनाउने। सम्बन्धित सङ्गठनहरूका राष्ट्रिय महाधिवेशन/सम्मेलनहरू गर्न अविलम्ब तयारी गर्ने।

### ६. पार्टीभित्र सिर्जित असामान्य अवस्था, अवसरवाद र अन्तरध्वंसात्मक गतिविधि सम्बन्धमा

२०७५ जेठ ३ मा सम्पन्न पार्टी एकीकरण र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को गठन एउटा ऐतिहासिक परिघटना थियो। तर त्यसले सिर्जना गरेको असाधारण अवसरलाई पुष्पकमल दाहाल 'प्रचण्ड' को विभाजनकारी नीति, अवसरवादी प्रवृत्ति र सके पार्टी कब्जा गर्ने नभए विभाजन गर्ने गलत नियत एवं नेकपा (एमाले) भित्रकै माधव नेपाल लगायत कतिपय नेताहरूको सत्तास्वार्थ, महत्वाकाङ्क्षा, इर्ष्या र कुण्ठाका कारण क्षतविक्षत तुल्याइयो। आवश्यकता नभए पनि पार्टीलाई एकतावद्ध राख्ने

उद्देश्यले एकता महाधिवेशनबाट सहज ढङ्गले नेतृत्व हस्तान्तरण गर्ने प्रस्तावलाई अस्वीकार गर्दै अस्वस्थ समीकरण, विभाजनकारी गुटबन्दी र घेराबन्दीका कारण पार्टी असामान्य सङ्कटबाट गुज्रिरहेको थियो। २०७७ फागुन २३ को सर्वोच्चको फैसला त नेकपा (एमाले) र नेकपा (माके) अलग-अलग हुने निमित्त कारण मात्रै थियो।

पार्टीलाई नयाँ नामका साथ पुनः एकतावद्ध भएर अगाडि बढ्ने प्रयास सफल हुन नसकेपछि हामी गत फागुनदेखि नेकपा (एमाले)को रुपमा नेपाल कम्युनिष्ट पार्टीको ऐतिहासिक बिरासतका साथ एकीकृत पार्टीका रुपमा अगाडि बढिरहेका छौं। यसरी अगाडि बढ्ने क्रममा पनि पार्टीमा अस्वस्थ, विभाजनकारी र पार्टीको दीर्घकालीन हित र एकतामाथि आघात पुऱ्याउने गतिविधि रोकिएनन्। पार्टीकै नाममा गुटगत गतिविधि सञ्चालन गर्ने, पार्टीका आधिकारिक उम्मेदवारलाई विपक्षीसँग सहकार्य गरेर पराजित गर्ने, कर्णालीमा आफ्नो पार्टीको नेतृत्वमा सरकार बन्ने अवसरलाई फ्लोर क्रस गरेर समाप्त पार्ने, सुदूरपश्चिम प्रदेशमा आफूसँग बहुमत हुँदाहुँदै विपक्षीसँग अनधिकृत र अनुचित साँठगाँठ गरेर आफ्नो समर्थनमा विपक्षीको नेतृत्वमा सरकार बनाउने र आफ्नो पार्टीका अध्यक्ष एवं प्रधानमन्त्रीलाई विश्वासको मत नदिने जस्ता गतिविधिहरू भए। लोकतान्त्रिक प्रणाली, संसदीय परिपाटी, दलीय आचरण र अनुशासन एवं नैतिकताका सारा सीमाहरु तोडेर बिरोधी शक्तिहरुसँग अपवित्र साँठगाँठ गर्दै विपक्षीलाई प्रधानमन्त्री बन्न उकास्दै निर्लज्जतापूर्वक एमालेको देशभक्त, लोकतान्त्रिक र सुशासन एवं विकासको अभियान हाँकीहरेको सरकार ढाल्न र दक्षिणपन्थी प्रमुख प्रतिपक्षीको नेतृत्वमा सिद्धान्तहीन, स्वार्थी गठबन्धनको सरकार बनाउन सम्माननीय राष्ट्रपतिज्यू समक्ष निवेदन दिन जाने १४९ जना प्रतिनिधिसभा सदस्यहरु मध्ये २६ जना नेकपा एमालेका सांसदहरु थिए। त्यहाँबाट आफ्नो संविधान विपरीत कुत्सित उद्देश्य पूरा नभएपछि त्यही माग लिएर सर्वोच्च अदालतमा रिट निवेदन चढाउन जाने १४६ प्रतिनिधिसभा सदस्यमध्ये २३ जना नेकपा एमालेका थिए। यसको उत्कर्ष थियो साउन ३ गते प्रतिनिधिसभाको विभत्स दृष्य, जुन दिन माधव नेपालको नेतृत्वमा गुटगत, अराजक र अनुशासनहीन कामहरु भए। नेकपा (एमाले) का २२ जना सांसदहरूले आफ्नो पार्टी नेतृत्वको सरकार विस्थापित गरेर नेपाली काङ्ग्रेसका नेतालाई हाकाहाकी मतदान गरे।

नेपालको कम्युनिष्ट आन्दोलनका निम्ति मात्रै होइन, यो लोकतान्त्रिक आन्दोलनकै इतिहासको एउटा कलङ्कित र विश्वासघातले भरिएको घटना हो। प्रवृत्तिका रुपमा यो प्रवृत्ति निन्दनीय र आपत्तिजनक छ।

यति हुँदाहुँदै पनि पार्टी एकताको पवित्र उद्देश्यका साथ यसबीच पार्टीले हदैसम्म लचिलो भएर प्रयाश गरिरहेको छ। कार्यदलको गठन, दश बुँदे प्रस्तावको अनुमोदन र कार्यान्वयन गर्ने निर्णय तथा

यसबीच अगाडि सारिएका विभिन्न प्रस्तावहरू यसै प्रयोजनका लागि थिए। तर एकपछि अर्को शर्त र असम्भव खालका मागहरू तेर्स्याउँदै लगेर पार्टी फुटाउने प्रयासलाई अन्तिम टुङ्गोमा पुऱ्याउने काम भइरहेको छ। पार्टी नेतृत्वमाथि आक्रमणका क्रम र विस्थापित गर्ने प्रयास जारी छ। गुटगत गतिविधिहरू र विपक्षीसँगको गठबन्धन चलिरहेकै छ। पार्टी विभाजनका लागि माधव नेपाल लगायतका कतिपय व्यक्तिहरू क्रियाशील छन्। अर्कातिर पार्टीका बैठक भने रोक्न माग गर्ने, पार्टी सदस्यता नवीकरण नगर्न आह्वान गर्ने, पार्टीका नियमित काम र निर्वाचनका तयारीमा लाग्न नदिने, महाधिवेशन तयारी गर्न नदिने माग र दबाब दिने काम भइरहेको छ। जे सुकै उद्देश्यले गरिएको भए पनि यस्ता मागले पार्टीलाई क्रमशः गतिहीन, निष्प्रभावी र पार्टीको वैधानिक हैसियत समाप्तिको दिशामा लैजान्छन्। तसर्थ यी मागहरू स्वीकार्य छैनन्।

यस्तो पृष्ठभूमिमा, पार्टीले आफ्ना नियमित कामलाई तीव्रता दिने निर्णय गरेको छ। बैठकले अध्यक्षले राख्नु भएको 'स्पष्टीकरण मागिएकाहरू अर्को बैठकबाट सहभागी भई पार्टी एकताको पक्षमा उभिए आममाफी दिइने' भन्ने प्रस्तावलाई अनुमोदन गरेको छ। पार्टीको पक्षमा उभिएर काम गर्न चाहने व्यक्तिहरूलाई विगतका गम्भीर गल्तीहरुलाई विर्सेर फराकिलोपनका साथ उपयुक्त जिम्मेवारी दिइने छ।

**७. विधान महाधिवेशन सम्बन्धमा**

पार्टी विधानमा उल्लेख भए अनुरुप विधान महाधिवेशन २०७८ भदौ २७ र २८ गते काठमाडौंमा गर्ने निर्णय गरिएको छ। अधिवेशनमा प्रतिनिधित्वको विधि र अन्य विषयहरू बारे पछि जानकारी गराइने छ।

विधान महाधिवेशनका लागि देहाय बमोजिमका समितिहरू गठन गरिएको छ -

**(क) राजनीतिक प्रतिवेदन अध्यक्षद्वारा पेश गरिने।**

**(ख) संगठनात्मक प्रस्ताव मस्यौदा समिति**

संयोजक- ईश्वर पोखरेल
विष्णु पौडेल
टोपबहादुर रायमाझी
शंकर पोखरेल
किरण गुरुङ
पद्मा अर्याल

(ग) **विधान संशोधन मस्यौदा समिति**

संयोजक- विष्णु पौडेल
सुवास नेम्बाङ
पृथ्वीसुब्बा गुरुङ
लेखराज भट्ट
रघुवीर महासेठ
भानुभक्त ढकाल
राधा ज्ञवाली
प्रभु साह

(घ) **विधान महाधिवेशन व्यवस्थापन समिति**

संयोजक- रामबहादुर थापा
मणि थापा
कृष्णगोपाल श्रेष्ठ
शेरबहादुर तामाङ
सुशीला नेपाल
सुजिता शाक्य
विनोद श्रेष्ठ
महेश बस्नेत
खिमलाल भट्टराई
पासाङ शेर्पा

बैठकले विधान संशोधन प्रस्ताव पारित गरेको छ। पारित प्रस्ताव यसैसाथ सङ्लग्न गरिएको छ। विधान संशोधन प्रस्तावमाथि कमरेडहरूले संस्थागत र व्यक्तिगत दुबै ढङ्गले सुझाव दिन सक्नु हुने छ। सुझाव १० दिनभित्र केन्द्रीय कार्यालमा पठाइसक्नु पर्ने छ।

८. **स्थानीय तहका अधिवेशन सम्बन्धमा**

बैठकले असोज ३ गते देशका सबै वडाहरूमा एकै साथ वडा अधिवेशन सम्पन्न गर्ने र असोज ९ गते देशका सबै पालिकाहरूमा एकै साथ पालिका अधिवेशन गर्ने निर्णय गरेको छ। यो वर्षको अन्त्यमा

हुने स्थानीय तहको निर्वाचनका लागि यी अधिवेशनहरूका अत्यन्त महत्वपूर्ण भूमिका हुने हुनाले प्रदेश तथा जिल्ला कमिटीहरूले सबै वडा तथा पालिकाहरूमा अधिवेशनको सहजीकरणका लागि प्रदेश कमिटी तथा जिल्ला कमिटीका सदस्यहरू सम्मिलित टोली गठन गरेर व्यवस्थित तयारी गर्नु हुन निर्देशित गरिन्छ। कमिटीको संरचना र अन्य विषयहरूका सम्बन्धमा छिटै आवश्यक जानकारी सम्प्रेषित गरिने छ।

९ **केन्द्रीय विभाग, प्रदेश कमिटी तथा प्रवास क्षेत्रका कामका सम्बन्धमा**

स्थायी कमिटीको बैठकबाट केही विभागहरू गठन गरिएका छन्। यी विभागहरूका साथै बाँकी विभागहरूलाई पनि छिटै पूर्णता दिइने छ।

(क) विभागमा मनोनयन हुनुभएका कमरेडहरूको नामावली देहाय बमोजिम रहेको छ -

१. **संगठन विभाग**

१. विष्णुप्रसाद पौडेल - प्रमुख

२. पिएस गुरुङ - सदस्य

३. टोपबहादुर रायमाझी

४. शंकर पोखरेल - सदस्य

५. लेखराज भट्ट - सदस्य

६. किरण गुरुङ - सदस्य

७. रघुवीर महासेठ - सदस्य

८. छविलाल विश्वकर्मा - सदस्य

९. यामलाल कँडेल - सदस्य

१०. काशीनाथ अधिकारी - सदस्य

११. भानुभक्त ढकाल - सदस्य

१२. पद्मा अर्याल - सदस्य

१३. डा. शिवमाया तुम्बाहाम्फे - सदस्य

१४. ज्ञानबहादुर भूजेल - सदस्य सचिव

२. **संसदीय विभाग**

१. सुवासचन्द्र नेम्वाङ - प्रमुख

२. सुमन प्याकुरेल - राष्ट्रिय सभा संसदीय दलको नेता (सदस्य)

३. विशाल भट्टराई - प्रमुख सचेतक, प्रतिनिधि सभा (सदस्य)

४. खिमलाल भट्टराई - प्रमुख सचेतक, राष्ट्रिय सभा (सदस्य)

५. शान्ता चौधरी - सचेतक प्रतिनिधि सभा (सदस्य)

६. छविलाल विश्वकर्मा

७. खगराज अधिकारी

८. लालबाबु पण्डित

९. शिवमाया तुम्वाहाम्फे

१०. गणेश ठगुन्ना

११. पार्वती रावल

१२. निरु पाल

१३. मोहन बानियाँ

१४. डा. सूर्य पाठक

१५. रेखा झा

३. **आर्थिक विभाग**

१. विष्णु रिमाल - प्रमुख

२. शेरबहादुर तामाङ - सचिव, केन्द्रीय कार्यालय - सदस्य (पदेन)

(४) **संघीय मामिला विभाग**

१. शंकर पोखरेल - प्रमुख

२. शेरधन राई - सदस्य (प्रदेश नं.१)

३. डोरमणि पौडेल - सदस्य (बागमती प्रदेश)

४. सीता सुन्दास - सदस्य/प्रमुख, जिविस महासंघ

५. रामचन्द्र मण्डल - २ नं. प्रदेश

६. अशोक ब्याञ्जु - सदस्य/प्रमुख, नगरपालिका संघ

७. होमनारायण श्रेष्ठ - सदस्य/प्रमुख गाउँपालिका संघ

८. घनश्याम पाण्डे - लुम्बिनी

९. एकराज कार्की - सदस्य

१०. पठानसिंह बोहोरा - सुदूर पश्चिम

११. सिपी घर्ती - कर्णाली

१२. कृष्णप्रसाद सापकोटा - नगर विकास कोष

(५) **प्रचार विभाग**

१. प्रदीपकुमार ज्ञवाली - प्रमुख

२. सूर्य थापा - उपप्रमुख

३. माधव विद्रोही - सदस्य

४. माधव नेपाल - सदस्य

५. रामकृष्ण ज्ञवाली - सदस्य

६. डी.आर. घिमिरे - सदस्य

७. सूर्यमणि गौतम - सदस्य

८. रोशन खड्का - सदस्य

९. ईन्द्रमान बुढा - सदस्य

१०. राजेन्द्र अर्याल - सदस्य

११. गगन विष्ट - सदस्य

१२. गणेश बस्नेत - सदस्य

१३. निर्मला शर्मा - सदस्य

१४. प्रमोद दाहाल - सदस्य

१५. गणेश पाण्डे - सदस्य

१६. यशोदा तिमिल्सिना - सदस्य

१७. चेतन अधिकारी - सदस्य

**६. कानून तथा न्याय विभाग**

| | | | |
|---|---|---|---|
| १. | डा. शिवमाया तुम्वाहाम्फे | प्रमुख | मोरङ |
| २ | रविनारायण खनाल | सदस्य | तनहुँ |
| ३ | विजयकान्त मैनाली | सदस्य | काठमाडौं |
| ४ | शशी अधिकारी | सदस्य | उदयपुर |
| ५ | कमल अर्याल | सदस्य | कास्की |
| ६ | विष्णुमाया भुषाल | सदस्य | अर्घाखाँची |
| ७ | नारायण नेपाल | सदस्य | काठमाडौं |
| ८ | टंक उप्रेती | सदस्य | झापा |
| ९ | राजकिशोर यादव | सदस्य | धनुषा |
| १० | आङ्बु लामा | सदस्य | रामेछाप |
| ११ | ध्रुवराज पाण्डे | सदस्य | नुवाकोट |

| | | | |
|---|---|---|---|
| १२ | रमेश गुरागाईं | सदस्य | काठमाडौं |
| १३ | केदार गुरागाईं | सदस्य | नुवाकोट |
| १४ | भोजराज सुवेदी | सदस्य | तेह्रथुम |
| १५ | केदार कोइराला | सदस्य | काभ्रेपलाञ्चोक |
| १६ | भोजराज आचार्य | सदस्य | रोल्पा |
| १७ | विष्णुमणी अधिकारी | सदस्य | काभ्रेपलाञ्चोक |
| १८ | श्रुती कुमारी रेग्मी | सदस्य | |
| १९ | बलबहादुर राई | सदस्य | ओखलढुंगा |
| २० | रमेश बस्नेत | सदस्य | सुनसरी |
| २१ | दलबहादुर धामी | सदस्य | |

**७. सहकारी तथा गरीवी निवारण विभाग**

| क्र.सं. | नाम | जिल्ला | प्रदेश | पृष्ठभूमि |
|---|---|---|---|---|
| १ | कमल चौलागाईं | रामेछाप | बागमती | प्रमुख |
| २ | रामचन्द्र उप्रेती | झापा | १ | संचालक, राष्ट्रिय सहकारी विकास बोर्ड |
| ३ | रमेशप्रसाद पोखेल | मोरङ | १ | उपाध्यक्ष, राष्ट्रिय सहकारी महासंघ |
| ४ | अमृता सुब्बा | सुनसरी | १ | संचालक, राष्ट्रिय सहकारी बैंक |
| ५ | शम्भुप्रसाद गुप्ता | | २ | संचालक, राष्ट्रिय सहकारी बैंक |
| ६ | डी.बी. बस्नेत | दोलखा | बागमती | संचालक, राष्ट्रिय सहकारी महासंघ |

| | | | | |
|---|---|---|---|---|
| ७ | के.बी. उप्रेती | दोलखा | बागमती | अध्यक्ष, राष्ट्रिय सहकारी बैंक |
| ८ | रामबहादुर जिसी | | गण्डकी | संचालक, राष्ट्रिय सहकारी बैंक |
| ९ | परितोष पौडेल | काठमाडौं | बागमती | अध्यक्ष, नेफ्सकुन |
| १० | हरिहरनाथ योगी | जुम्ला | कर्णाली | संचालक, राष्ट्रिय सहकारी बैंक |
| ११ | भुवनविक्रम घिमिरे | रामेछाप | बागमती | सदस्य, सहकारी विभाग, नेकपा |
| १२ | आशबहादुर पुन | रोल्पा | लुम्बिनी | सदस्य, सहकारी विभाग, नेकपा |
| १३ | दिनेश जिसी | बाजुरा | सुदूरपश्चिम | |
| १४ | जिवछ खड्का | दोलखा | बागमती | सञ्चालक, नेफ्सकुन |
| १५ | मीना ढकाल | झापा | १ | उपाध्यक्ष, कृषि केन्द्रीय संघ |
| १६ | महेन्द्र गिरी | झापा | २ | |
| १७ | ज्ञानबहादुर तामाङ | काठमाडौं | बागमती | अध्यक्ष, जि. सहकारी महासंघ |
| १८ | उद्धव सापकोटा | काभ्रे | बागमती | अध्यक्ष बागमती प्रदेश नेफ्सकुन |
| १९ | सुमन केसी | काठमाडौं | बागमती | |
| २० | विश्वनाथ मण्डल | | २ | संचालक, रा. सहकारी बैंक |

## ८. पर्यटन तथा प्रवर्द्धन विभाग

| | | | |
|---|---|---|---|
| १. | भानुभक्त ढकाल | प्रमुख | |
| २ | कृष्ण अर्याल | सदस्य | काठमाडौं उपत्यका |
| ३ | चन्द्र रिजाल | सदस्य | धादिङ |
| ४ | घनेन्द्र श्रेष्ठ | सदस्य | सिन्धुली, बागमती |

| | | | |
|---|---|---|---|
| ५ | पूर्ण कुँवर | सदस्य | पर्वत, गण्डकी |
| ६ | राजेन्द्रप्रसाद सापकोटा | सदस्य | धादिङ |
| ७ | विजय नेपाल | सदस्य | सुनसरी, प्रदेश १ |
| ८ | कृष्णलाल चौधरी | सदस्य | बाँके, लुम्बिनी प्रदेश |
| ९ | जया बराल | सदस्य | कास्की, गण्डकी |
| १० | राम बली दास | सदस्य | धनुषा, प्रदेश नं. २ |
| ११ | चिन्तामणी शर्मा | सदस्य | सुर्खेत, कर्णाली |
| १२ | परमानन्द भण्डारी | सदस्य | बैतडी, सुदूरपश्चिम |
| १३ | लीला लामा | सदस्य | काभ्रे, बागमती |
| १४ | सिताराम सापकोटा | सदस्य | खोटाङ, प्रदेश १ |
| १५ | रेवतबहादुर थापा | सदस्य | धनकुटा, प्रदेश १ |
| १६ | प्रकाश पौडेल | सदस्य | स्याङ्जा |
| १७ | बसन्त बानियाँ | सदस्य | झापा |
| १८ | केशव घ्यौराली | सदस्य | इलाम |

**९. स्वास्थ्य तथा जनसंख्या विभाग**

| | | | |
|---|---|---|---|
| १. | खगराज अधिकारी | प्रमुख | पूर्व विभाग सदस्य |
| २ | डा. कृष्ण अधिकारी | सदस्य | पूर्व विभाग सदस्य |
| ३ | डा. जे. गौतम | सदस्य | पूर्व विभाग सदस्य |
| ४ | के. पराजुली | सदस्य | पूर्व विभाग सदस्य |

| | | | |
|---|---|---|---|
| ५ | अप्सरा पाण्डे | सदस्य | पूर्व विभाग सदस्य |
| ६ | डा. बुद्धिमान श्रेष्ठ | सदस्य | पूर्व विभाग सदस्य |
| ७ | चन्द्र थापा | सदस्य | पूर्व विभाग सदस्य |
| ८ | जे. गौतम | सदस्य | पूर्व विभाग सदस्य |
| ९ | रामसुन्दर यादव | सदस्य | पूर्व विभाग सदस्य |
| १० | विधान आचार्य | सदस्य | पूर्व विभाग सदस्य |
| ११ | काशीनाथ रिमाल | सदस्य | पूर्व विभाग सदस्य |
| १२ | गोविन्द अकेला पौडेल | सदस्य | पूर्व विभाग सदस्य |
| १३ | डा. सन्तोष पौडेल | सदस्य | पूर्व विभाग सदस्य |
| १४ | क्षितिज गड्तौला | सदस्य | |
| १५ | डा. कैलाश भण्डारी | सदस्य | पूर्व विभाग सदस्य |
| १६ | डा. एस उप्रेती | सदस्य | |
| १७ | डा. पुष्पमणि खराल | सदस्य | |
| १८ | तारा पोखरेल | सदस्य | |
| १९ | डा. दिलीप शर्मा | सदस्य | |
| २० | मोहनकृष्ण श्रेष्ठ | सदस्य | |
| २१ | ईश्वरी ढकाल | सदस्य | |
| २२ | डा. नवीन चापागाईं | सदस्य | |

**१०. केन्द्रीय विज्ञान तथा प्रविधि विभाग**

| | | | |
|---|---|---|---|
| १. | मनोजजंग थापा | प्रमुख | सिन्धुली |
| २ | अजगर अली | सदस्य | चितवन |
| ३ | डा. कल्याणी मिश्र तिवारी | सदस्य | कास्की |
| ४ | डा. नागेन्द्रबहादुर अर्याल | सदस्य | गुल्मी |
| ५ | प्रो.डा. भद्रप्रसाद पोखरेल | सदस्य | सुनसरी |
| ६ | प्रो.डा. मदन कोइराल | सदस्य | काठमाडौं |
| ७ | रोमकान्त पाण्डेय | सदस्य | अर्घाखाँची |
| ८ | शालिकराम पराजुली | सदस्य | चितवन |
| ९ | प्रो.डा. त्रिरत्न बज्राचार्य | सदस्य | काठमाडौं |
| १० | अर्णराज सिलवाल | सदस्य | चितवन |
| ११ | डा. प्रदीप ज्ञवाली | सदस्य | कपिलवस्तु |
| १२ | डा. भेषराज थापा | सदस्य | उदयपुर |
| १३ | प्रो. पशुपति मिश्र | सदस्य | सप्तरी |
| १४ | नवराज कुँवर | सदस्य | रुपन्देही |
| १५ | डा. किरण जोशी | सदस्य | काठमाडौं/ललितपुर |
| १६ | रमेश साह | सदस्य | मोरङ |
| १७ | प्रकाश जीसी | सदस्य | |
| १८ | ई. सञ्जिव रोका | सदस्य | भोजपुर |

**११. स्थानीय तह विभाग**

| | | | |
|---|---|---|---|
| १. | देवेन्द्र दाहाल | प्रमुख | झापा |
| २. | सीता सुन्दास | सदस्य | स्याङ्जा |
| ३. | विद्यासुन्दर शाक्य | सदस्य | काठमाडौं |
| ४ | अशोक व्यान्जु | सदस्य | काभ्रे |
| ५. | होमनारायण श्रेष्ठ | सदस्य | सिन्धुपाल्चोक |
| ६. | सोमनाथ पोर्तेल | सदस्य | झापा |
| ७. | सीमा क्षेत्री | सदस्य | स्याङ्जा |
| ८. | राजु पौडेल | सदस्य | पर्वत |
| ९. | विमल पोखेल | सदस्य | दोलखा |
| १०. | दुर्गाकुमार थापा | सदस्य | उदयपुर |
| ११. | नवराज गेलाल | सदस्य | भक्तपुर |
| १२. | डा.नविता यादव | सदस्य | सिराहा |
| १३. | हरि उप्रेती | सदस्य | सर्लाही |
| १४. | किस्मत कक्षपति | सदस्य | बाँके |
| १५. | कृष्णप्रसाद जैसी भट्टराई | सदस्य | अछाम |
| १६ | कृष्णबहादुर डल्लाकोटी | सदस्य | चितवन |
| १७ | छायाँ देवकोटा | सदस्य | कैलाली |
| १८ | घनश्याम पाण्डे | सदस्य | दाङ |
| १९ | ध्रुव थपलिया | सदस्य | काभ्रे |
| २० | सीपी घर्ती | सदस्य | जाजरकोट |

| | | | |
|---|---|---|---|
| २१ | बासुदेव घिमिरे | सदस्य | रुपन्देही |
| २२ | रोमनाथ ओली | सदस्य | झापा |
| २३ | लक्ष्मी भण्डारी | सदस्य | मोरङ्ग |
| २४ | लक्ष्मी शाह | सदस्य | दैलेख |

**१२. सामाजिक सेवा विभाग**

| | | | |
|---|---|---|---|
| १. | जुली कुमारी महतो | प्रमुख | धनुषा |
| २. | खड्गनारायण उराव | सदस्य | सुनसरी |
| ३. | सोम थापा | सदस्य | मोरङ |
| ४ | अर्जुनकुमार भट्टराई | सदस्य | इलाम |
| ५. | नयन तिमिल्सिना | सदस्य | मोरङ |
| ६. | पी. खतिवडा | सदस्य | पाँचथर |
| ७. | एस. कार्की | सदस्य | खोटाङ |
| ८. | लिला शर्मा | सदस्य | धनुषा |
| ९. | प्रमोद चौधरी | सदस्य | रौतहट |
| १०. | श्यामकुमार श्रेष्ठ | सदस्य | सिराहा |
| ११. | रामसिंह यादव | सदस्य | धनुषा |
| १२. | टिकाराम आचार्य | सदस्य | सुर्खेत |
| १३. | गोविन्दबहादुर शाही | सदस्य | हुम्ला |
| १४. | खिमबहादुर शाही | सदस्य | सुर्खेत |

| | | | |
|---|---|---|---|
| १५. | पवित्रा शाही | सदस्य | सुर्खेत |
| १६. | सरोजमोहन लामा | सदस्य | काठमाडौं |
| १७. | होम पाठक | सदस्य | दोलखा |
| १८. | फुलमती चौधरी | सदस्य | चितवन |
| १९. | फटिक थापा | सदस्य | गुल्मी |
| २०. | विकीरण गौतम | सदस्य | दाङ |
| २१. | खगराज जोशी | सदस्य | डोटी |
| २२. | डम्मर हमाल | सदस्य | कञ्चनपुर |
| २३. | सरज गुरुङ | सदस्य | नुवाकोट |
| २४. | प्रेम गिरी | सदस्य | झापा |

**१३. केन्द्रीय संस्कृति विभाग**

| क्र.सं. | नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | डा. विजय सुब्बा | तेह्रथुम | प्रमुख |
| २ | अशोक लोहरुङ्ग राई | ताप्लेजुङ्ग | पूर्व सदस्य |
| ३ | केशव सुवेदी | दाङ्ग | पूर्व सदस्य |
| ४ | गायत्री विष्ट | काठमाडौँ | नयाँ |
| ५ | डा. धनबहादुर कुँवर | स्याङ्गजा | पूर्व सदस्य |
| ६ | डा. पारसमणी भण्डारी | गुल्मी | पूर्व सदस्य |
| ७ | राम विनय | काठमाडौँ | पूर्व सदस्य |
| ८ | लालकाजी लामा | चितवन | पूर्व सदस्य |

| | | | |
|---|---|---|---|
| ९ | प्रेमनाथ अधिकारी | तेह्रथुम | पूर्व सदस्य |
| १० | डा. जिवेन्द्रदेव गिरी | सुर्खेत | पूर्व सदस्य |
| ११ | स्नेह सायमी | काठमाडौँ | नयाँ |
| १२ | डा. दीपक गौतम | सुर्खेत | नयाँ |
| १३ | सुष्मा राजभण्डारी | काठमाडौँ | पूर्व सदस्य |
| १४ | किशोर अनुराग | भोजपुर | |
| १५ | रामचन्द्र न्यौपाने | रुपन्देही | |
| १६ | लक्ष्मी गुरुङ्ग | सिन्धुली | |
| १७ | अनिता लामा | काठमाडौँ | |
| १८ | प्रकाश भट्टराई | मोरङ्ग | |
| १९ | सुशीला प्रधानाङ्ग | भक्तपुर | |
| २० | डा. बद्रीविशाल पोखरेल | सुनसरी | पूर्व सदस्य |
| २१ | रमेशरञ्जन झा | धनुषा | पूर्व सदस्य |

**१४. राजकीय मामिला विभाग**

| **क्र.सं.** | **नाम, थर** | **पद** | **ठेगाना** |
|---|---|---|---|
| १ | गुरुप्रसाद बराल | प्रमुख | मोरङ |
| २ | उदय नेपाली श्रेष्ठ | सदस्य | धनकुटा |
| ३ | एश शर्मा | सदस्य | अर्घाखाँची |
| ४ | सुशील घिमिरे | सदस्य | काठमाडौं |

| | | | |
|---|---|---|---|
| ५ | डा. कल्पना लुईंटेल | सदस्य | भक्तपुर |
| ६ | पुन्य न्यौपाने (प्रभात शर्मा) | सदस्य | सिन्धुपाल्चोक |
| ७ | प्रेमप्रसाद पराजुली | सदस्य | झापा |
| ८ | बालकृष्ण गिरी | सदस्य | बाँके |
| ९ | मेदिनीराज काफ्ले | सदस्य | काठमाडौं |
| १० | बीएन शर्मा | सदस्य | काठमाडौं |
| ११ | गणेश बस्याल | सदस्य | पाल्पा |
| १२ | सुरेन्द्र भट्टराई | सदस्य | सुनसरी |
| १३ | कुलबहादुर आचार्य | सदस्य | रुपन्देही |
| १४ | कवि पाठक | सदस्य | काठमाडौं |
| १५ | सुरेन्द्रमान श्रेष्ठ | सदस्य | काठमाडौं |
| १६ | राजेश बज्राचार्य | सदस्य | काठमाडौं |

**१५. विदेश विभाग**

१. राजन भट्टराई - प्रमुख

२. विष्णु रिजाल - उपप्रमुख

४. प्रा.डा. खड्ग के.सी. - सदस्य/पर्वत

५. पेम्बा लामा - सदस्य/ सिन्धुपाल्चोक

६. सिर्जना काफ्ले - सदस्य/पर्वत

७. बालकृष्ण कट्टेल - सदस्य/धनकुटा

८. गोपाल खनाल - सदस्य/झापा

९. डा. सागर न्यौपाने - सदस्य/गुल्मी

१०. अजय क्रान्ति शाक्य - सदस्य/काठमाडौं

११. दिपेन्द्र श्रेष्ठ - सदस्य/काठमाडौं

११. मात्रिका पौडेल - सदस्य/संखुवासभा

१२. मिलन धरेल - सदस्य/चितवन

१३. डा. कुशेन्द्र महत - सदस्य/जुम्ला

१४. गौरव भट्टराई - सदस्य/काठमाडौं

१५. डा. केशव सुवेदी - सदस्य/बाँके

**१६. निर्वाचन विभाग**

१. अग्निप्रसाद खरेल - प्रमुख

२. रामेश्वर फुयाँल - सदस्य

३. दीपक कार्की - सदस्य

४. डा. विमला पौडेल राई - सदस्य

५. नवराज सिलवाल - सदस्य

६. रमेश बडाल- सदस्य

७. बाबुराम दाहाल - सदस्य सचिव

८. बालकृष्ण ढकाल- सदस्य

९. खुमकान्त पौडेल - सदस्य

(ख) प्रदेश नं. १, बागमती प्रदेश, गण्डकी प्रदेश र अन्तर्राष्ट्रिय प्रवास कमिटीमा अनुमोदनका लागि प्रस्तुत गरिएका नामावलीहरु अनुमोदन गरिएको छ। सम्बन्धित इन्चार्ज/अध्यक्ष कमरेडहरुलाई अनुमोदन गरिएका नामावली केन्द्रीय कार्यालयको तर्फबाट औपचारिक रुपमा जानकारी गराइनेछ ।

**१०. समसामयिक प्रस्तावहरू**

बैठकले समसामयिक विषयहरूमा विभिन्न प्रस्तावहरू पारित गरेको छ। त्यसमध्ये प्रमुख प्रस्तावहरू देहाय बमोजिम छन् -

क) २०७८ साउन १५ गते दार्चुलाका जयसिंह धामी तुइनबाट महाकाली नदी पार गरिरहेको बेला तुइनको लठ्ठा चुँडाउने र उर्लिंदो भेलमा वेपत्ता पार्ने गरी घटित अमानवीय र क्रूर घटनालाई हाम्रो पार्टी निन्दा गर्दछ। उक्त घटनाको सत्यतथ्य अविलम्ब नेपाली जनतासामु प्रस्तुत गर्न, भारतीय पक्षसँग यस विषयमा गंभीरतापूर्वक जानकारी माग्न, दोषीहरूलाई कार्बाहीको दायरामा ल्याउन र पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाउन सरकारसँग माग गर्दछ ।

ख) भूमि सम्बन्धी समस्या समाधान आयोगलाई विघटन गर्ने सरकारको निर्णयप्रति नेपाल कम्युनिष्ट पार्टी (एमाले) को गंभीर ध्यानाकर्षण भएको छ ।

नेपालको संविधानले परिकल्पना गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्यायलाई प्रत्याभूत गर्न तथा संविधानले सुनिश्चित गरेका खाद्य सम्बन्धी हक (धारा ३६), आवासको हक (धारा ३७), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा ४२) लगायत राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको कार्यान्वयन गर्न भूमि सम्बन्धी ऐन (आठौं संशोधन) को व्यवस्था अनुसार भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गरिएको हो। करिब १४ महिनाको अवधिमा आयोगले मुलुकका ७४७ पालिकाहरूसँग सम्झौता गरेको छ। यस अवधिमा २,४७,९६० दलित र सुकुम्बासीहरू तथा ९,२२,८०१ अव्यवस्थित बसोबासीहरूले विवरण फारम भरिसकेका छन्। ३१९ भन्दा बढी पालिकाहरूमा लगत सङ्कलन पूरा भएर वर्षौंदेखि जारी यस समस्याको दिगो समाधान हुने दिशातिर अगाडि बढिरहेको बेला राजनीतिक प्रतिशोध र पूर्वाग्रहका आधारमा आयोग विघटन गर्ने सरकारको निर्णयले मुलुकका लाखौं भूमिहीन तथा सुकुम्बासीहरू, दलित तथा अव्यवस्थित बसोबासीहरूको जमीनको अधिकार सम्बन्धी मौलिक हक माथि कुठाराघात गरेको छ ।

युगान्तकारी राजनीतिक परिवर्तनको लाभ आर्थिक र सामाजिक रुपले विपन्न वर्गले पाउन सकेमा मात्रै परिवर्तनप्रति उनीहरूको अपनत्व विकास हुन सक्छ र त्यसले मात्रै परिवर्तनले सार्थकता पाउन सक्छ। सरकारको यस निर्णयले विपन्न वर्गका अपेक्षामाथि ठूलो आँच पुऱ्याएको छ।

वर्तमान सरकार जनताप्रति उत्तरदायी छैन र यसले जनताको हित गर्दैन भन्ने कुरालाई यस निर्णयले पुष्टि गरेको छ ।

नेकपा (एमाले) जनताको अपेक्षा र अधिकारमाथि प्रहार गर्ने सरकारको यस निर्णयको निन्दा गर्दछ र यसलाई अविलम्ब सच्याई भूमि आयोग अविलम्ब पुनर्स्थापना गर्न जोडदार माग गर्दछ । भूमिहीन, सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासीहरूका हक र हितप्रति हाम्रो पार्टी सधैंभरि सजग र संवेदनशील रहेको र उहाँहरूका जायज माग र आवाजप्रति पार्टीको हमेशा ऐक्यवद्धता तथा साथ रहने कुरा पनि स्पष्ट पार्न चाहन्छौं ।

**कमरेडहरू** !

आज हामी फेरि एकपल्ट प्राप्त उपलव्धिहरूको रक्षा गर्न नयाँ ढङ्गले कार्यक्षेत्रमा उत्रिनुपर्ने नयाँ परिस्थिति निर्माण भएको छ । नेकपा (एमाले) प्रगतिशील, जनपक्षीय पार्टी हो । यो हावाहुरी चल्नासाथ विचलित हुने पार्टी होइन । यो पार्टी महान उद्देश्यका साथ गठन भएको हो, त्यसलाई हासिल गर्ने सङ्कल्प सहित गठन भएको हो । पार्टीमा अब सुदृढीकरण र शुद्धीकरण आवश्यक छ । पार्टीलाई सधैंभरि गुटबन्दीको अखडा बनाएर होइन, एकतावद्ध गरेर जानु पर्छ । आगामी दिनमा थप षडयन्त्रका शृङ्खलाहरू चल्दै जानेछन् । हामी सम्भाव्य षडयन्त्रप्रति सचेत छौं । तिनलाई परास्त गर्न प्रतिवद्ध र दृढ छौँ । अहिले पनि हामी मुलुकको प्रमुख पार्टी हौं । यही आत्मविश्वासका साथ राजनीतिक अभियान, पार्टी निर्माण र सामाजिक आर्थिक रुपान्तरणको अभियानमा प्रभावकारी ढङ्गले क्रियाशील हुँदै विजय यात्रामा तीव्र गतिका साथ अघि बढ्न सबै पार्टी कमिटी तथा कमरेडहरूलाई आग्रह एवं निर्देशन गरिएको छ ।

**केपी शर्मा ओली**

**अध्यक्ष**